जिल्ला सरकारी वकील कार्यालय प्यूठान

<u>कार्यक्रमको संक्षिप्त प्रतिवेदनको ढाँचा</u>

१. कार्यक्रमको नाम :- समुदायमा सरकारी वकील

२. कार्यक्रम सञ्चालन स्थान :- सत्य मा. बि. झिमरुक गा.पा.-७ तुषारा, प्यूठान

३. मिति :- २०८३/०२/०१

४. कार्यक्रमको अवधि :- दिउँसो ०३:०० बजे देखि ०५:००बजेसम्म

५. सहभागी संख्या : ६४ (महिला : ३३ पुरुष : ३१ जना)

६. **कार्यक्रमको उद्देश्य :**

**क)** फौजदारी न्याय प्रक्रिया, समुदायमा सरकारी वकीलको भूमिकाको बारेमा विद्यार्थीलाई परिचित गराउने

**ख)** बाल विवाह तथा बाल विवाह सम्बन्धी कानूनी व्यवस्था बारे जानकारी गराउने ।

**ग)** विद्यार्थीलाई बाल दुर्व्यवहार साथै बाल दुर्व्यवहारको कानूनी व्यवस्था बारे जानकारी गराउने ।

७. **प्रस्तुत भएका विषयहरूको सार संक्षेप :**

- बालबिवाहको परिचय, बाल बिवाह हुनुको कारण
- नेपालमा बालबिवाह सम्बन्धी कानूनी व्यवस्था ।
- नेपालको बाल बिवाहका चुनौतीहरु, विद्यमान समस्या र समस्या न्यूनिकरणका उपायहरु
- बाल दुर्व्यवहारको परिचय, बाल दुर्व्यवहार हुनको कारण
- नेपालमा बाल दुर्व्यवहार सम्बन्धी कानूनी व्यवस्था ।
- नेपालको बाल दुर्व्यवहारका चुनौतीहरु, विद्यमान समस्या र समस्या न्यूनिकरणका उपायहरु

८. **प्रस्तुत भएको विषयमा छलफलमा सहभागीहरूबाट व्यक्त भएका विचार तथा धारणाहरू:**

क) **विद्यार्थी तर्फबाट आएका जिज्ञासाहरु** :- बालबिवाह भनेको के हो ? कानूनी रुपमा बिवाह गर्न योग्य उमेर कति हो, शिशु जन्मीएपछि बाल बिवाह भएको हो भन्ने जानकारी भए पश्चात बिवाह कायम हुन्छ कि हुदैंन र बाल बिवाह गर्ने बालकबाट शिशुले जन्मदर्ता प्रमाण पत्र, नागरिकता र जग्गा जमिन पाउँछ कि पाउदैंन ?

ख) बालबिवाह सम्बन्धी कानूनी व्यवस्था के कस्तो छ स्पष्ट रुपमा जानकारी पाउँ ?

ग) बाल दुर्व्यवहार भनेको के हो? यसका लक्षणहरु के के हुन?

**घ) सरकारी वकीलको तर्फबाट** :- "बाल विवाह" भन्नाले कुनै पनि राष्ट्रको कानूनमा विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बुझाउँछ । सामान्यतया १८ वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बाल विवाह भनिन्छ । विभिन्न देशमा विवाह गर्न योग्य उमेर भनेर आ आफ्नै कानूनी रूपमा निर्धारित उमेर तोकिएको छ । नेपालको कानून अनुसार बालबालिका दुबैको लागि २० वर्ष पुगिसकेपछि विवाह गर्न उपयुक्त उमेर भनि तोकिएको छ ।शिशु जन्मीएपछि बाल बिवाह भएको हो भन्ने जानकारी भए पश्चात बालबालिकाको उमेर २० वर्ष नपुगे सम्म बिवाह भएको बालबालिकाले त्यस्तो विवाह कायम राख्न नचाहेको

सहायक जिल्ला न्यायाधिवक्ता

जिल्ला सरकारी वकील कार्यालय प्यूठान

अवस्थामा स्वतः बदर हुन्छ भने ति बालबालिकाको सम्बन्धबाट जन्मिएको बच्चाले आफ्नो बुवाको नामबाट जन्मदर्ता, नागरिकता र जग्गा लगाएत सम्पूर्ण कुरामा सामान्य नागरिक सरह सुविधा पाउँछ।

ङ) उमेर २० वर्ष नपुगी कसैले विवाह गरे वा गराएमा विवाह स्वतः बदर हुने छ । साथै कसूर गर्ने जो कोही व्यक्तिलाई तीन वर्ष सम्म कैद र तीस हजार सम्म जरिवाना हुने कानूनी व्यवस्था गरिएको छ । विवाह गर्ने उमेर विवाह गर्ने व्यक्तिको (महिला र पुरुष दुवैको) बीस वर्ष हो । बालबालिका सम्वन्धि ऐन २०७५ को उपदफा ६६ (२) (ण) अनुसार बालबालिकासँग विवाह गर्नु गराउनु बालबालिका विरुद्धको कसूर मानेको छ । र सोही ऐनको दफा ६७ अनुसार त्यस्तो कसूर गरेको ठहरेका व्यक्तिहरुले दश (१०) बर्षसम्म बालबालिकासँग सम्बन्धित सार्वजनिक तथा निजि क्षेत्रमा काम गर्न, मनोनित हुन, वा निर्वाचित हुन पाउँदैनन् ।

च) बालबालिकाहरुलाई शारिरिक,मानसिक र भावनात्मक रुपमा चोट पुर्याउने कार्य जसले उनीहरुको समग्र विकास र उन्नतीमा प्रतिकुल असर गर्दछ त्यसलाई नै बाल दुर्व्यवहार भनिन्छ ।

छ) बाल दुर्व्यवहार शारिरिक वा देखिने मात्रै हुँदैन, भावनात्मक र मानसिक रुपमा आघात पुग्ने प्रकृतिको पनि हुन्छन् खराब व्यक्ति वा गरिव परिवारले मात्रै दुर्व्यवहार गर्छ भन्ने कुरा भ्रम हो ।अझ समाजका प्रतिष्ठित वा धनि भनिएका परिवारमा हुने दुर्व्यवहार गुपचुप नै रहन्छ।नचिनेको भन्दा चिनेका र नजिकका आफन्तबाट नै धेरै दुर्व्यवहार गरिन्छ ।अक्सर बाल दुर्व्यवहार परेकाहरुले नै पछी गएर बाल दुर्व्यवहार गरेको पाईन्छ भने केही पछी गएर अभियान कर्ता बनेको पाईन्छ ।

ज) **अतिथिबाट मन्तव्य** : जिल्ला सरकारी वकील कार्यालय प्यूठानले विद्यार्थी बीचमा आएर अन्तर्क्रिया, छलफल गरी कानूनी सचेतना सञ्चार गरेको तथा सहभागीहरूबाट उठेका जिज्ञासाहरुलाई सन्तुष्टि हुने गरी समाधान गरेको पाइएको साथै आगामी दिनमा पनि समुदायमा पुगेर विविध कानूनका विषयमा छलफल गराई कानूनी सचेतना गराउँदा उपयुक्त हुने।

झ) **समापन** :- सहायक जिल्ला न्यायाधिवक्ता श्री दामोदर गौतमबाट बाल बिवाह बारे कानूनी सचेतना गराउदै विद्यार्थीबाट उठेका जिज्ञासाको समाधान गर्दै सहभागी गराउने विद्यालय प्रमुख र सहभागी विद्यार्थीहरुलाई धन्यवाद दिई कार्यक्रमको समापन भएको ।

९. **कार्यपत्र प्रस्तुतकर्ता** :- सहायक जिल्ला न्यायधिवक्ता दामोदर गौतम।

१०. **कार्यक्रम सञ्चालनमा राखेका अपेक्षाहरू** :-

- समुदायमा सरकारी वकील (Out Reach) कार्यक्रमबाट विद्यार्थीहरूलाई बालबिवाहमा समुदायको भुमिका बारेमा जानकारी हुनेछ ।
- सरोकारवालको सरकारी वकील समक्ष सहज पहुँच हुनेछ।
- नेपालमा बाल बिवाहको अवस्था, बाल बिवाह सम्बन्धी कानूनी व्यवस्था, बाल बिवाहको बिद्यमान समस्या र समस्या न्यूनीकरणका उपायबारे जानकारी हुने।

सहायक जिल्ला न्यायाधिवक्ता

- बाल दुर्व्यवहारको अवस्था, बाल दुर्व्यवहार हुँदाका लक्षणहरु, बाल दुर्व्यवहार रोक्न गरिएका अन्तर्राष्ट्रिय प्रयासहरुको बारेमा जानकारी हुने ।

११. **मुख्य उपलब्धीहरू :-**

क) विद्यार्थीलाई सरकारी वकीलको काम कर्तव्य र उद्देश्यको बारेमा जानकारी प्राप्त भएको।

ख) बाल बिवाह सम्बन्धी जानकारी, बाल बिवाहका समस्या र समाधानका उपायहरु।

ग) बाल बिवाह सम्बन्धी कानूनी व्यवस्था ।

घ) बालबिवाह जस्तो कसूरमा समुदायको सहयोग र भुमिकाको बारेमा छलफल भएको ।

ङ) बाल दुर्व्यवहार सम्बन्धी कुराहरुको जानकारी हुने ।

च) बाल दुर्व्यवहार सम्बन्धी कानूनी व्यवस्था बारेमा जानकारी हुने ।

१२. **सहभागीको सुझाव :-**

क) अपराधको अनुसन्धान तथा अभियोजन एवं बाल बिवाह विषयका मुद्दामा हुन सक्ने सजाय बारे समय समयमा विभिन्न ठाउँमा कानूनी शिक्षा सञ्चालन गर्नुपर्ने।

ख) यस्तै कार्क्रमहरू विद्यालय, लक्षित वर्ग तथा समुदायका विचमा निरन्तर सञ्चालन गर्नुपर्ने।

१३. **आयोजकको अनुभव :-** उपस्थित भएका सम्पूर्ण सहभागीबाट यो कार्यक्रम फलदायी भएकोले अझै निरन्तरता दिनु पर्ने देखिएको।

१४. कार्यक्रममा विद्यार्थीहरु पूर्ण रुपमा सन्तुष्टी रहेको देखिएको।

१५. **आगामी कार्यक्रमका लागि सुझावः-**

क) स्वीकृत यस कार्यक्रमले महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयको परिचय महत्व र गरिमा बृद्धि भएको देखिंदा निरन्तरता दिदैं जानुपर्ने।

१६. कार्यपत्र सञ्चालन खर्चः- समुदायमा सरकारी वकील कार्यक्रम सञ्चालन गर्दा रु. १८,०००/- खर्च भएको

**संलग्न अनुसूचीहरू :**

क) कार्यक्रम तालिका

| समय | विषय | सहजकर्ता | कैफियत |
|---|---|---|---|
| | कार्यक्रमको परिचय सहित कार्यक्रम संचालक प्रस्तुत कर्ता | खरिदार किर्त बहादुर वि.क. | |
| | कार्यपत्र प्रस्तुतकर्ता | स.जि.न्या.व. श्री दामोदर गौतम | |
| | अन्तरक्रिया/ सहभागिहरुसँग | खुला छलफल | |

सहायक जिल्ला न्यायाधिवक्ता

जिल्ला सरकारी वकील कार्यालय प्यूठान

| | | | |
|---|---|---|---|
| | छलफल | | |
| दिउस ०३:०० बजे देखि ०५:०० बजे सम्म | मन्तव्य | • वडा अध्यक्ष कृष्ण बहादुर जि.सी.<br>• स.प्र.अ. नरेन्द्र बहादुर राहुँत<br>• विद्यार्थी बबिता घिमिरे | |
| | जिज्ञासाको समाधान | स.जि.न्या.व. श्री दामोदर गौतम | |
| | मन्तव्य समापन | स.जि.न्या.व. श्री दामोदर गौतम | |

ख) कार्यक्रमको नामः- समुदायमा सरकारी वकील

ग) मिति :- २०८३/०२/०१ गते

घ) स्थानः- श्री सत्य मा.वि. झिमरुक गा.पा.-७ तुषारा, प्यूठान..

<u>प्रतिवेदन पेश गर्ने:-</u>

..................
२०८३/०२/०४

दामोदर गौतम

(सहायक जिल्ला न्यायाधिवक्ता)

**सहायक जिल्ला न्यायाधिवक्ता**